बैठक नं १७३

आज मिति २०८१/०७/०४ गतेका दिन यस तादी गाउँपालिकाका अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

उपस्थिति

| क.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री नन्द लाल शर्मा | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | श्री सेवक विक्रम राई | लेखा अधिकृत | |
| १७. | श्री विरोचन खनाल | अधिकृत छैठौं | |
| १८. | श्री तोपमान श्रेष्ठ | सहायक पाँचौं | |

## प्रस्तावहरु

१. सडकको ठेक्का प्रक्रिया सम्बन्धमा ।

२. कर्मचारी पदपुर्ति समिति गठन र छनौट मापदण्ड सम्बन्धमा।

३. कर्मचारीको घरभाडा सम्बन्धमा।

४. धरौटी रकम फुकुवा सम्बन्धमा।

५. वडामा विनियोजित भएको विविध खर्च सम्बन्धमा।

६. संविधान दिवसको खर्च अनुमोदन र भुक्तानी सम्बन्धमा।

७. विविध

- क) पूर्वाञ्चल गन्धर्व साँस्कृतिक उत्थान समाजको निवेदन सम्बन्धमा।
- ख) सार्वजनिक सुनुवाई कार्यक्रमको भुक्तानी सम्बन्धमा ।
- ग) क्यातुके प्रशोधन कार्यक्रमको वडा छनोट सम्बन्धमा ।
- घ) विपद बाट भएका कार्यको भुक्तानी सम्बन्धमा ।
- ङ) पिडको लठ्ठा वितरणको भुक्तानी सम्बन्धमा ।
- च) बाटो हेरालुको रकम भुक्तानी सम्बन्धमा ।
- छ) राजमति आ.वि मा कार्यालय सहयोगिको व्यवस्थापन सम्बन्धमा ।
- ज) तिज कार्यक्रमको रकम सम्बन्धमा ।

नन्द लाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सन्तमान तामाङ
अध्यक्ष

# निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिकाको लागि प्रदेश सरकारबाट प्राप्त समपुरक योजनाहरुको लागत अनुमान तयार गर्दा सातविसे बाघमारा सडकको लागत अनुमान करिब २ करोड २० लाख, काउले चिलाउने सडकको लागत अनुमान करिब १ करोड २० लाख र खरानीटार-कोईरालाचेत-टुटुङ सडको लागत अनुमान करिब १ करोड १० लाख हुन आएकाले समपूरकमा आएको वजेट रकम भन्दा स्रोत अपुग भएको हुँदा स्रोत सुनिश्चितताको लागि गाउँपालिकाले विनियोजन गरेको डोटेलबेशि **पौवाथोक ठाँटि सडक निर्माण शिर्षकको रु ५० लाख** को योजनाबाट उक्त तिन वटा योजनाहरुको लागि नपुग वजेटलाई स्रोत सुनिश्चित गर्ने र लागत अनुमान स्वीकृत हुँदा हुन आउने समपुरक साझेदारीको अनुपात मै ठेक्का सम्झौता र भुक्तानि गर्ने निर्णय गरियो । |
| २ | प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको स्थानीय तहमा करार कर्मचारी भर्ना तथा छनौट सम्बन्धी मापदण्ड स्वीकृत भएको तर राजपत्रमा प्रकाशित नभएकाले स्वास्थ्य सेवा अन्तर्गतको अ.न.मी माग गरिएको र हाललाई तपसिल बमोजिमको पदपुर्ति समिति गठन साथै कर्मचारी भर्ना तथा छनौट सम्बन्धी मापदण्ड स्वीकृत गर्ने र करार कर्मचारी भर्ना तथा छनौट सम्बन्धी कार्य व्यवस्थित गर्न कार्यविधी निर्माण गर्ने अधिकार उक्त पदपुर्ति समिति मै रहने साथै आवस्यकता अनुसार उप-समिति गठन गर्ने अधिकार समेत पदपुर्ति समितिमा रहने निर्णय गरियो ।<br><br>तपसिल<br><br>पदपुर्ति समिति<br>प्रमुख प्रशासकीय अधिकृत - संयोजक<br>सम्बन्धित विषय विज्ञ - सदस्य<br>सम्बन्धित शाखाका शाखा प्रमुख — सदस्य<br>प्रशासन शाखा प्रमुख — सदस्य सचिव<br>स्थानीय तहको करार कर्मचारी भर्ना तथा छनौट परिक्षा मापदण्ड<br><br>**१. लिखित परिक्षा वापत — ५० ( बहुबैकल्पिक ५० वटा प्रस्नहरु )**<br>**२. स्थानीय वापत — १०**<br>सम्बन्धित गाउँपालिका वासिन्दा भएमा — १० |

नन्द लाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सन्तमान तामाङ
अध्यक्ष

| | |
|---|---|
| | सम्बन्धित जिल्लाको वासिन्दा भएमा — ५<br>**३. कार्य अनुभव वापत — १० (प्रतिबर्ष २ अंकका दरले अधिकतम १० अंक )**<br>**४. तालिम वापत — ५**<br>SBA/USG तालिम वापत ५ अंक<br>अन्य तालिम वापत २ अंक<br>**५. शैक्षिक योग्यता वापत — ५**<br>विशिष्ट श्रेणि — ५<br>प्रथम श्रेणि — ३<br>द्दितीय श्रेणि — २<br>**६. अन्तर्वार्ता — २०(अन्तर्वार्ताकारले अधिकतम १४ र न्युनतम ८ अंक प्रदान गर्न सकिने छ )**<br>प्रस्तुतिकरण वापत — ५<br>विषय तथा सेवा सँग सम्बन्धित -१०<br>समसामयिक विषय सम्बन्धि जानकारी -५ |
| ३ | प्रस्ताव नं ३ उपर छलफल गर्दा आ.व २०८१/०८२ मा विनियोजन भएको कर्मचारी लाई घरभाडा सुविधा वापतको रकम यस तादी गाउँपालिकामा घरभाडा लिई वस्ने गाउँपालिका कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाका कर्मचारीहरुको लागि (अफिस क्वाटरमा वसेका कर्मचारीहरु वाहेक)मात्र मासिक रु २,०००।(अक्षरुपी दुई हजार) का दरले घरभाडा सुविधा २०८१ श्रावण १ देखि नै उपलब्ध गराउने निर्णय गरियो । |
| ४ | प्रस्ताव नं ४ उपर छलफल गर्दा यस गाउँपालिकाको आ.व २०७९।०८० मा यस गाउँपालिकाको धरौटी खातामा जम्मा देखिएका धरौटी रकम कानुन वमोजिम आवश्यक प्रक्रिया पुरा गरि फिर्ता गर्ने निर्णय गरियो । |
| ५ | प्रस्ताव नं ५ उपर छलफल गर्दा आ.व २०८१/०८२ मा विविध खर्च वडाहरुको लागि विनियोजन भएको शिर्षकबाट तपसिल बमोजिमको उपशिर्षकहरुमा शिर्षक ननाघ्ने गरि खर्च गर्ने गरि विनियोजन गर्ने निर्णय गरियो ।<br><u>तपसिल</u><br>१.खाना/खाजा लगायत विविध खर्च(मासिक अधिकतम रु १३०००।)<br>२.वडाको बैठक भत्ता वापतको खर्च(मासिक अधिकतम रु १२०००।) |
| ६ | प्रस्ताव नं ६ उपर छलफल गर्दा यहि २०८१ असोज ३ गते संविधान दिवस मूलसमारोह समितिको निर्णयानुसार तादी गाउँपालिकाले आयोजना गरि मनाईएको संविधान दिवस २०८१ मा भएको तपसिल वमोजिमको खर्च अनुमोदन गर्ने र सो खर्च आ.व २०८१/०८२ मा विनियोजन भएको विविध खर्च बाट रु ३००,०००।(अक्षरुपी तिन लाख मात्र) र कार्यक्रम खर्च बाट रु ५००,०००।( अक्षरुपी पाँच |

नन्द लाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सन्तमान तामाङ
अध्यक्ष

लाख मात्र) गरि जम्मा रु ८००,०००।को सिमा भित्र रहि कार्यक्रम संयोजक मार्फत भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

संविधान दिवस २०८१ खर्च विवरण

| क्र.स. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | स्टेज संविधान दिवंस ब्यानर | ४७९५ | |
| २ | गाउँपालिका गेट फ्लेक्स र स्वागतम र पम्प्लेट र प्रभात फेरी | ६५४० | |
| ३ | सयपत्री फूलमाला | २८००० | |
| ४ | फुलदानी | ६००० | |
| ५ | सजावटको लागि फुल बुकी | १५००० | |
| ६ | गाउँपालिका फ्लेक्स बोर्ड वेल्दिंग | ३००० | |
| ७ | दहि | ३२००० | |
| ८ | स्टेज बनाउन आउने लाई गरेको व्यवस्था | २६०० | |
| ९ | फलफुल | १०३५० | |
| १० | फ्लेक्स, मायाको चिनो, तस्बिर आदि | १४७४० | |
| ११ | बाजा | ३०००० | |
| १२ | झाँक्री | १०००० | |
| १३ | खाना | ३४८६२० | |
| १४ | झण्डा | ९९८९२ | |
| १५ | पानी | १५००० | |
| १६ | लामा | १०००० | |
| १७ | स्टेज | ६२१५० | |
| १८ | झण्डा पोल | ४५०० | |
| १९ | फलाम गेट जडान | ३००० | |

नन्द लाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सन्तमान
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | २० | काठ झण्डाको बहुनबेसी | ६००० | |
| | २१ | झण्डा काठ खरानीटार | ३७५०० | |
| | २२ | पोल ढलान सिमेन्ट | १६८० | |
| | २३ | गाडी भाडा | १२००० | |
| | २४ | संविधान दिवस लाईभ प्रशारण | १९५०० | |
| | २४ | विविध | | |
| | | बलुन खिप पानी टेप | ७५० | |
| | | झण्डा पोल सेट अप ज्याला सबै गरेर | १५००० | |
| | | कालो सुतली | ६३२ | |
| | | **जम्मा रकम** | **७९९२४९** | |

७ प्रस्ताव नं ७ उपर छलफल गर्दा विविध विषयमा तपसिल वमोजिमको निर्णयहर गरियो ।

क) प्रस्तुत विषयमा पूर्वान्चल गन्धर्व साँस्कृतिक उत्थान समाजको मेचि महाकालि अभियान अन्तर्गत पुराना लोकवाजा तथा धर्म सँस्कृति जोगाउने उदेश्यले यस गाउँपालिकामा भएको कार्यक्रम वापतको सहयोग रकम रु २०,०००।(अक्षरुपि विस हजार मात्र) विवध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ख) प्रस्तुत विषयमा यस गाउँपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रमको रकम रु ९८,०००।आ.व २०८१/०८२ विनियवजित कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ग) प्रस्तुत विषयमा घरेलु तथा साना उद्योग कार्यालय र यस गाउपालिकाको सहकार्यमा संचालन हुन लागेको क्यातुके प्रशोधन कार्यक्रम तादी २ र ४ मा संचालन गर्ने निर्णय गरियो ।

घ) प्रस्तुत विषयमा आ.व २०८१/०८२ मा यस गाउँपालिकाबाट विभिन्न स्थानमा अविरल बर्षाको कारण क्षति भएका सडक लगायतका पुर्वाधारहरुको विपदबाट भएका निर्माण कार्यहरुको अनुगमन प्रतिवेदन गाउँकार्यपालिकामा प्राप्त नभएको हुँदा प्राविधिक मूल्याङ्कन र वडा सिफारिसका आधारमा विपदबाट भएका तपसिल वमोजिमका निर्माण कार्यहरुको भुक्तानी गर्ने निर्णय गरियो ।

| निर्माण व्यवसायी | योजनाको नाम | वडा नं. | स्वीकृत लागत अनुमान/रकम रु. | कार्यसम्पंन्न रकम रु. | भुक्तानी गर्नुपर्ने रकम रु. |
|---|---|---|---|---|---|
| रोहना कन्स्ट्रक्सन | सल्लाघारी दाहालथोक रालुका मैदान हुँदै चिलाउने बागमारा सडक | २ | 98,786.18 | 103,021.23 | 98,786.00 |

नन्द लाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सन्तमान तामाङ
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| रोहना कन्स्ट्रक्सन | रालुका पण्डितटोल रातो ढुङ्गा सडक मर्मत | २ | 36,408.55 | 36,123.16 | 36,123.00 |
| रोहना कन्स्ट्रक्सन | डाँडागाउँ बाटो पहिरो सरसफाई | ३ | 11,074.76 | 11,707.60 | 11,075.00 |
| रोहना कन्स्ट्रक्सन | डाँडागाउँ हुँदै टुटुङ अल्छेढुङ्गा कोले हुँदै दोर्खु पुल उर्लेनी जोड्ने मोटरबाटो | ३ | 98,552.09 | 98,554.52 | 98,552.00 |
| रोहना कन्स्ट्रक्सन | जोगी गुफा देखी डाँडा गाउँ हुँदै टुटुङ सम्म सडक मर्मत तथा ग्रावेल | ३ | 99,944.93 | 99,297.71 | 99,298.00 |
| रोहना कन्स्ट्रक्सन | आत्मारा सडक ग्राभेल | ५ | 99,230.78 | 99,458.79 | 99,231.00 |
| | | जम्मा रु. | **443,997.29** | **448,163.01** | **443,065.00** |
| रोज कन्स्ट्रक्सन. | भुमेस्थान धारा संरक्षण | ३ | 50,000.00 | 63,989.43 | 50,000.00 |
| रोज कन्स्ट्रक्सन. | पिप्लेपानी कटुन्जे डाँडाको पाटो सडक खण्डमा ग्राभेल | ५ | 99,737.92 | 99,497.57 | 99,498.00 |
| रोज कन्स्ट्रक्सन. | आँपखोल्वा भर्याङडाँडा बोहोरे पहिरो सरसफाई तथा ग्राभेल | ५ | 99,607.99 | 99,154.66 | 99,155.00 |
| | | जम्मा रु. | **249,345.91** | **262,641.66** | **248,653.00** |
| घलान सप्लायर्स तथा निर्माण सेवा प्रा.लि. | आत्मारा पहिरोमा वैकल्पिक सडक निर्माण | ५ | 581,651.79 | 577,968.47 | 577,968.00 |
| घलान सप्लायर्स तथा निर्माण सेवा प्रा.लि. | पिप्लेपानी ठाँटी सडक अन्तर्गत पर्ने ओडारे ठूलोखेत पहिरो व्यवस्थापन | ५ | 98,125.89 | 96,419.62 | 96,420.00 |
| | | जम्मा रु. | **679,777.68** | **674,388.09** | **674,388.00** |
| रेहान एण्ड सुन्दरा कन्स्ट्रक्सन प्रा ली | डाँडागाउँ पहिरो व्यवस्थापन तथा ट्रयाक निर्माण | ३ | 177,669.90 | 178,330.95 | 177,670.00 |
| | | जम्मा रु. | **177,669.90** | **178,330.95** | **177,670.00** |

| | | | |
|---|---|---|---|
| कुल जम्मा रु. | 1,550,790 | 1,563,523 | 1,543,776 |

ङ) प्रस्तुत विषयमा वडा दशै २०८१ को अवसरमा मनोरन्जनको लागि यस गाउँपालिका भित्र रहेका विभिन्न स्थानहरुमा वितरण गरिएको पिङको लठ्ठा वापतको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

च) प्रस्तुत विषयमा यस गाउपालिकाको वडा नं ५ को बाहुनबेशि-नर्जामण्डप-मौरिथुम सडक खण्डमा अविरल बर्षाबाट हुन सक्ने क्षतिलाई कम गर्न वडा कार्यालयबाट राखिएका दुई जना बाटो

नन्द लाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सन्तमान तामाङ
अध्यक्ष

| | |
|---|---|
| | हेरालुहरुको ज्याला रेकम रु ५२,०००।(अक्षरुपी वाउन्न हजार मात्र ) विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय ।<br>छ) प्रस्तुत विषयमा शिक्षा समितिको सिफारिस वमोजिम तादी ६ मा अवस्थित राजमति आ.वि मा टाढा ठाढा बाट वालवालिकाहरु विद्यालय आउनुपर्ने साथै बर्षातको समयमा वालावालिकालाई हेरचाह गरि विद्यालय ल्याउने र लैजाने गर्नुपर्ने भएकोले मासिक रु १५,०००। सेवा सुविधा उपलब्ध गराउने गरि एक कार्यालय सहयोगिको कोटा उपलब्ध गराउने निर्णय गरियो ।<br>ज) प्रस्तुत विषयमा आ.व २०८१/०८२ मा तिज कार्यक्रमा विनियोजन भएको रकम बाट वडा नं ६ मा रु ४०,०००। तिज कार्यक्रमको लागि छुट्याईएकोमा उक्त कार्यक्रम नभएकाले सो रकम गाउँपालिकास्तरीय तिज कार्यक्रममा भएको खर्च शोधभर्ना गर्ने निर्णय गरियो । |

नन्द लाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सन्तमान ता...
अध्यक्ष